प्रतापपुर गाउँपालिकाका

उपाध्यक्ष श्री मानकुमारी चौधरीले

२१ औ गाउँसभामा प्रस्तुत गर्नु भएको

# आ.व. २०८३/८४ को
# बजेट वक्तव्य

प्रतापपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रतापपुर-९, नवलपरासी बर्दघाट-सुस्ता पश्चिम

२०८३ असाढ १० गते

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलाटारी, नवलपरासी (ब.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

सभाका श्रद्धेय अध्यक्षज्यू,
गाउँसभाका सदस्यज्यूहरु,
अन्य उपस्थित महानुभावहरु,
हार्दिक अभिवादन, नमस्कार ।

प्रतापपुर गाउँपालिकाको सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्ने यस अवसरमा यहाँहरु सबैलाई हार्दिक स्वगत गर्न चाहन्छु ।

देश र जनता, संघीयता, गणतन्त्र, जनआन्दोलन तथा विविध किसिमका परिवर्तनका लागि आफ्नो अमूल्य जीवन आहुती गर्ने महान सहिदहरुप्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै प्रतापपुर गाउँपालिकको भाषा, कला, संस्कृति, सम्पदा संरक्षण तथा विकास निर्माणमा महत्वपूर्ण योगदान दिई यस गाउँपालिका तथा समग्र राष्ट्रको श्रीवृद्धि गर्नका लागि अग्रणी भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण अग्रज प्रतापपुरबासीहरु प्रति हार्दिक आभार तथा नमन गर्न चाहन्छु ।

सीमित स्रोत साधन एवं अर्थतन्त्रमा परेको चापका वीच गाउँबासीहरुको असीमित माग र चाहनाहरुलाई अधिकतम सम्बोधन हुने गरि बजेट तर्जुमा गर्नु पक्कै पनि चुनौतिपूर्ण रहेको तथ्य यहाँहरुले मनन गर्नु भएकै होला भन्ने आशा गरेको छु । यसका बाबजुद पनि यहाँहरुको विकास प्रतिको लगाव र गाउँवासीहरुको असीमित चाहनालाई दृष्टिगत गरी उपलब्ध स्रोत

साधनलाई अधिकतम परिचालन मार्फत गाउँवासीको आधारभूत आवश्यकता र सर्वोपरि हितलाई केन्द्र विन्दुमा राखि यो बजेट तर्जुमा गरिएको छ ।

जनताको आवश्यकता, चाहना, माग अत्याधिक छन् भने हाम्रो बजेट तथा राजस्वको सीमा सीमित छ, तैपनि नीतिमा राखिएका विषय तथा क्षेत्रहरुलाई सकेसम्म समेट्ने गरी बजेट कार्यक्रममा समावेश गरिएको छ । **"हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास"**नै हाम्रो मुलमन्त्र नै रहेको छ । सकरात्मक सोचको विकास गर्दै हामीले गरेका राम्रा काम र असल अभ्यासहरुको निरन्तरता र त्यसको अपनत्व लिनु पर्छ, भन्ने मलाई लाग्छ । सामाजिक आर्थिक रुपले पछाडी परेका वर्ग, समुदाय र क्षेत्रलाई विकास र सम्वृद्धिको यात्रामा सँगसँगै लैजानु राज्यको दायित्व नै हो, भन्ने कुरालाई मनन गर्दै बजेट तर्जुमा गरिएको कुरालाई पनि म यहाँ जोड्न चाहन्छु । साथै, संविधान प्रदत्त मौलिक हकको सुरक्षा तथा कार्यान्वयन, स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको जनता प्रतिको जिम्मेवारी पुरा गर्नु र सिंगो गाउँपालिकाको समान विकास तथा वितरण, सामाजिक रुपान्तरण र सम्पूर्ण गाउँपालिकाबासीको उत्थान र सम्वृद्धिलाई मध्यनजर गरि बजेट बनाउने हाम्रो प्रयत्न रहेको छ ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाको चालु आर्थिक वर्षको विनियोजित बजेट र जेष्ठ मसान्तसम्मको खर्च तथा समग्र वित्तीय अवस्थाको बारेमा संक्षिप्त बुँदागत रुपमा चर्चा गर्न चाहन्छु । भौतिक प्रगतिका सम्बन्धमा यस अघि यसै

गाउँसभामा पेश भएको नीति तथा कार्यक्रममा उल्लेख भईसकेको व्यहोरा स्मरण गराउन चाहन्छु ।

१.चालु आर्थिक वर्षका लागि प्रस्तुत भएको बजेटमा कुल खर्च रु.७६ करोड ४५ लाख ९३ हजार ४ सय रहेको र सो मध्ये चालु खर्च तर्फ रु. ४८ करोड १९ लाख ३८ हजार र पूँजिगत खर्च तर्फ रु. २८ करोड २६ लाख ५५ हजार विनियोजन भएको थियो ।

२. २०८३ जेष्ठ मसान्तसम्मको कुल खर्च रु. ३२ करोड ४९ लाख ४३ हजार अर्थात ४२.४९ प्रतिशत भएको देखिन्छ । जसमध्ये चालु खर्च तर्फ रु. २६ करोड ८३ लाख ७९ हजार अर्थात ५५.६९ प्रतिशत खर्च भएको देखिन्छ, भने पूँजिगत खर्च तर्फ रु. ५ करोड ६५ लाख ६३ हजार अर्थात २०.०१ प्रतिशत खर्च भएको देखिन्छ ।

३.माथि उल्लेखित विवरण अनुसार पूँजिगत खर्चको अनुपात हेर्दा गत वर्षहरुको तुलनामा  कमी भएको छ, मध्यपुर्वको युद्धका कारण बजारमा निर्माण सामाग्रीको मुल्य आकाशिदा निर्माण व्यवसायी र उपभोक्ता समितिले गाँउपालिकाबाट स्वीकृत दररेट र लागतमा काम गर्न नसक्ने अवस्था रहेको छ । जसले गर्दा चालु आ. व. मा पुँजिगत खर्च कम हुने आकलन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्षको बजेट विवरण प्रस्तुत गर्ने सन्दर्भमा अवलम्बन गरिएका मूलभुत मार्गदर्शन, बजेटको लक्ष्य तथा उद्धेश्य, प्राथमिकता र

बजेटको साराशं यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु। गाउँपालिकाको दीर्घकालिन सोच र सो अनुसारका नीतिहरु यस अघि यसै गाउँसभामा प्रस्तुत भईसकेको छ ।

**बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका मूलभुत मार्गदर्शनहरुः**

- नेपालको संविधान, २०७२ मा रहेका स्थानीय तहका एकल तथा साझा अधिकार क्षेत्र र राज्यका निर्देशक सिद्धान्त, नीति र दायितव,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- दिगो विकासका लक्ष्यले निर्धारण गरेका क्षेत्रगत लक्ष्यहरु तथा क्षेत्रगत नीतिहरु,
- १६ औं राष्ट्रिय योजनाका नीति, सिद्धान्त र कार्यक्रमहरु,
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु,
- अन्तराष्ट्रियस्तरमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरु,
- स्थानीय तहको बजेट तर्जुमाका लागि राष्ट्रिय योजना आयोगले जारी गरेको दिग्दर्शन,
- यस सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम,
- संघीय सरकार र लुम्बिनी प्रदेश सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट,
- सार्वजनिक सुनुवाईमा गाउँपालिकबासीहरुबाट व्यक्त भएका जनसरोकारका विषयहरु,
- विगतको नीति तथा कार्यक्रम र बजेटको समिक्षा,
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको सीमा र मार्गदर्शन,
- गाउँपालिकाबासीहरुको माग, चाहना र अपेक्षा ।

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश नेपाल

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश नेपाल

## बजेटको मूलभुत लक्ष्य तथा उद्धेश्यः

हाम्रो मुल नारालाई आत्मसात गर्दै यस गाउँपालिकालाई सम्वृद्ध र सुशासनयुक्त बनाउँदै सम्पदा, संस्कृति, दिगो पूर्वाधार, हरियाली प्रवर्द्धन, पर्यावरण, आत्मनिर्भार अर्थतन्त्र, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य उपचार, सामाजिक विकास, युवा रोजगार साथै बालबालिका र अपाङ्गतामैत्री गाउँपालिका बनाउनु र लैङ्गिक समानता कायम गर्नु हाम्रो मुख्य ध्येय हो । त्यसै गरि प्रत्येक घरमा स्वच्छ खानेपानी पुर्याउनु हाम्रो अर्को मुख्य उद्धेश्य हो । मुख्य उद्धेश्यहरु बुँदागत रुपमा निम्नानुसार रहेका छन्:

- तिव्र, दिगो र व्यवस्थित भौतिक पूर्वाधार निर्माण गर्नु,
- गाउँपालिकाबासीहरुमा सुलभ, आधारभूत स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु,
- स्थानीय उत्पादन र उत्पादकत्व वृद्धिका लागि सहजीकरण गर्नु,
- स्थानीय कला, भाषा, संस्कृति तथा सम्पदाको समुचित संरक्षण र समबर्द्धन गर्नु,
- स्थानीय स्रोत साधनको संरक्षण र समुचित परिचालन तथा सार्वजनिक जग्गाको संरक्षण गर्नु,
- विपद व्यवस्थापन, वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गर्नु,
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहीता र सुशासनको प्रत्याभूति कायम गर्नु,
- अर्थतन्त्रको मुख्य आधार उद्योग, पर्यटन तथा कृषि क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्नु,
- युवालाई श्रम, सीप, उद्यम र रोजगारीसँग जोड्दै सामाजिक जिम्मेवारी बोध र आत्मनिर्भर बनाउनु ।

प्राथमिकताः

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश,नेपाल

- संस्थागत सुदृढिकरण र सुशासन ।
- दिगो पूर्वाधार तथा शहरी विकास।
- कला, संस्कृति, सम्पदा संरक्षण र समवर्द्धन ।
- सुलभ आधारभूत स्वास्थ्य सेवा र गाउँपालिकाबासीको जीवन रक्षा ।
- रोजगारमूलक एवं स्तरीय आधारभूत शिक्षा ।
- लैङ्गिक समानता, महिला शसक्तिकरण तथा सामाजिक समावेशीकरण ।
- वातावरण संरक्षण ।
- स्थानीय सहकारी तथा उद्यम व्यवयसायको प्रवर्द्धन र विकास
- कृषि तथा सिँचाई क्षेत्रको विकास ।
- वाल तथा अपाङ्गमैत्री व्यवहार र व्यवस्था ।
- युवा तथा खेलकुद ।
- विपद् जोखिम न्यूनीकरण र उद्धार ।
- रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनिकरण ।
- प्रविधियुक्त एवं नागरिकमैत्री र जवाफदेही सार्वजिनक सेवा प्रवाह ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म बजेटको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

## गुणस्तरीय शिक्षा र मानव पूँजिविकास

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बेलाटारी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश,नेपाल

४."गुणस्तरीय शिक्षा प्रतापपुरको प्रतिवद्धता" भन्ने मुल ध्येय सहित सबै वालवालिकालाई विद्यालयमा अनिवार्य पठाउँ, सिकाउँ र टिकाउँ भन्ने अभियान सहित सामुदायिक, धार्मिक विद्यालयहरुमा भौतिक पूर्वाधार विकास सँगै गुणस्तरीयता अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरु मार्फत बजेट व्यवस्था गरिएको छ ।

५.विद्यालय गुणस्तरीयता शिक्षा प्रदान गर्न अपुग शैक्षिक जनशक्ति परिपूर्ति गर्न अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रमलाई निरन्तरता दिएको छु । सो कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६.गाउँपालिका भित्रका सबै विद्यालयहरुमा पठन पाठन हुँदै आएको स्थानीय पाठ्यपुस्तक संशोधन गरि नैतिक र संस्कृत शिक्षा अनिवार्य गर्ने व्यवस्था मिलाएको छु । उक्त कार्यको लागि बजेटको व्यवस्था मिलाएको छु ।

७.गाउँपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सुधारमा समस्या हुन नदिन नीतिगत विषयमा यसको गहिरो अध्ययन गरि समस्या समाधान गर्ने व्यवस्थाका लागि शिक्षा शिक्षा समिति र प्रधानाध्यपकहरुको नियमित बैठक बस्ने कार्यलाई निरन्तरता दिएको छु ।

८.गाउँपालिकाको विभिन्न विद्यालयमा कार्यरत प्रारम्भिक वालविकास केन्द्रका शिक्षक तथा अन्य कर्मचारीहरुको थप पारिश्रमिकको लागि आवश्यक रकमको व्यवस्था गरेको गरेको छु ।

समग्रममा शिक्षा क्षेत्रको विकासका लागि गाउँपालिकाबाट २ करोड ३२ लाख १२ हजार ३ सय रुपैया रकम विनियोजन गरेको छु भने संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको रकम यस अन्तर्गत थप हुनेछ ।

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश,नेपाल

## स्वास्थ्य

९. नेपाल सरकारको नीति अनुसार अत्यावश्क स्वास्थ्य सेवाको पहुँच एवं गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य सेवा पूर्वाधार विकास र निशुल्क औषधि वितरण प्रणालीलाई थप व्यवस्थित गर्दै लगिने छ ।

१०. अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाईबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामाग्रीको अभाव हुन नदिने व्यवस्था मिलाएको छु ।

११. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई उत्प्रेरित गराई उचितरुपमा परिचालन गर्ने गरि मासिक रुपमा दिदैं आएको यातायात खर्चलाई वृद्धि गरि मासिक ३ हजार ५ सय पुर्याएको छु । महिला स्वास्थ्य स्वयंसेविका कल्याणकोषका लागि बजेट विनियोजन गरेको छु ।

१२. प्रजनन स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न प्रसुति गृह निर्माण र संचालनलाई व्यवस्थित र प्रभावकारी बनाइने छ । आमा र शिशुको स्वास्थ्यलाई ध्यान राखि प्रतापपुर गाउँपालिका भित्र स्थायी बसोबास भएका सुत्केरी महिलालाई उपाध्यक्ष सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन गरि पोषण सामाग्री उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

१३. समग्रममा स्वास्थ्य क्षेत्रको विकासका लागि २ करोड १० लाख ६० हजार रुपैया रकम विनियोजन गरेको छु भने संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको रकम यस अन्तर्गत थप हुनेछ ।

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन तथा पर्यटन विकास र खेलकुद तथा मनोरञ्जन तर्फ आगामी आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**खानेपानी तथा सरसफाई**

१४. सबै नागरिकलाई आधारभूत खानेपानी सेवाको पहुँच पुर्याई गुणस्तरीय खानेपानी सेवा विस्तार गर्दै लगिनेछ । एक टोल एक शुद्ध खानेपानी धारा जडान कार्यलाई निरन्तरता दिएको छु गाउँपालिकाभित्र रहेका अति विपन्न घर परिवारहरुका लागि खानेपानी धारा जडानका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

**संस्कृति प्रवर्द्धन तथा पर्यटन विकास**

१५. गाउँपालिकाको प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदा लगायत पर्यटकीय स्थलको सघन प्रचार प्रसार गरिनेछ । साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरि पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

१६. प्रतापपुर गाउँपालिकाभित्र रहेका विभिन्न प्रकारका मठ मन्दिर निर्माण तथा यहाँ प्रचलनमा रहेका साँस्कृतिक तथा धार्मिक कार्यक्रमहरुको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१७. धार्मिक तथा पर्यटकीय क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखेको छु ।

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश,नेपाल

खेलकुद तथा मनोरञ्जन

१८. "राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने राष्ट्रिय नारालाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय आधारभुत तह खेलकुद र राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१९. खेलकुदको माध्यमबाट नै राष्ट्रको पहिचान कायम राखी युवाहरुको मनोबल उच्च राख्न गाउँपालिका खेलकुद समिति गठन गरिएको छ । गाउँपालिका खेलकुद समितिबाट खेलकुद कार्यक्रमहरु संचालन गर्न व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु:

२०. महिलाको आर्थिक सशक्तिकरण वृद्धि गर्न उद्यमशीलता प्रवर्द्धन गरिनेछ । महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, विभेद र दुर्व्यवहारको अन्त्य गरिनेछ । कुरुति, कुप्रथा र अन्धविश्वासबाट समाजलाई मुक्त गर्न सामाजिक जागरण अभियान एवं सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. गाउँपालिकाका महिलाहरुलाई आयआर्जन सम्बन्धि नेतृत्व र क्षमता विकास तालिम, लैङ्गिक तथा घरेलु हिंसा पीडीत एकल र असहाय महिलाहरुलाई उद्यमी बनाउने एडभान्स तालिमको व्यवस्था मिलाएको छु ।

२२. आगामी आर्थिक वर्ष प्रत्येक वडा तथा टोललाई बालमैत्री गाउँपालिका घोषणा गर्ने कार्यक्रमाको व्यवस्था मिलाएको छु । उक्त बालमैत्री स्थानीय शासनको लागि बजेट विनियोजन गरेको छु ।

२३. बालविबाह न्यूनिकरण गर्न उमेर पुगेका छोरीको विवाह हुँदा सहुलियत स्वरुप रु २१ हजार आर्थिक सहयोग प्रदान गरिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ ।

२४. यस गाउँपालिका भित्रका दलित, पिछडिएका तथा बिपन्न परिवारका शैक्षिक बेरोजगारहरुलाई केन्द्रबिन्दु गरी लोक सेवा आयोगकाकक्षाहरु संचालन गरिने छ ।

२५. सार्वजनिक सेवालाई अपाङ्गमैत्री बनाइनेछ । अपाङ्गगता भएका व्यक्तिलाई आवश्यक सहायक सामग्री वितरण गरिनेछ ।

२६. विपन्न नागरिकका लागि न्युनतम विद्युत महसुल पालिकाबाट भुक्तानि हुने निति बमोजिम महशुल भुक्तानीका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म आर्थिक विकास तर्फ आगामी आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु:

## कृषि तथा पशुपंक्षी

२७. राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न जोड दिईनेछ । कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा जोड दिँदै त्यसको बजारीकरणको समुचित प्रवन्ध मिलाईनेछ ।

२८. "उत्पादन साथमा, अनुदानहातमा"भन्ने नाराका साथकृषि अनुदानलाई उत्पादनमा आधारित बनाइनेछ । अनुदानमा विउ विजन तथा कृषि औजार वितरण कार्यलाई उत्पादनमा आधारित बनाइनेछ । कृषकको लागत

सहभागितामा कृषि सामाग्री तथा उपकरण वितरणको लागि रकम विनियोजन गरेको छु ।

२९. लघु तथा साना सिँचाई मार्फत कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि साना सिँचाई कार्यक्रमको व्यवस्था मिलाएको छु । सिँचाई सुविधाको लागि जनताको मागको आधारमा कृषि मोटरको वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु । सो कार्यको लागि आवश्यक बजेट सुनिश्चतताको व्यवस्था मिलाएको छु ।

३०. कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि बाली संरक्षण कार्यक्रम प्राथमिकताकमा राखेको छु । यस कार्यका लागि बजेटको प्रवन्ध मिलाएको छु ।

३१. कृषकको माग बमोजिम पशु तथा चैपायाको व्यवस्थित रुपमा खरिद बिक्री गर्ने पशु हाट बजार निर्माणका आवश्यक बजेट विनियोजन गरेको छु ।

३२. अघिल्ला वर्षहरुमा गर्दै आएको पशु कृतिम गर्भाधान सहायता अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु । यस कार्यका लागि रकमको व्यवस्था गरेको छु ।

३३. समग्रममा कृषि तथा पशुपंक्षी पालन क्षेत्रको विकासका लागि ९० लाख रुपैया रकम विनियोजन गरेको छु भने संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण रकम यस अन्तर्गत थप हुनेछ ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म पूर्वाधार विकास तर्फ आगामी आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छुः

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश,नेपाल

## स्थानीय सडक तथा पुल

३४. गाउँपालिका क्षेत्रभित्र सडक संजाल निर्माणका लागि सडक गुरुयोजना तयार गरि वडा नं. १ देखि ९ सम्म सजिलै पुग्ने गरि क्रमागत योजना अन्तर्गत रहको प्रतापपर चक्रपथ (Ring Road) निर्माणको कामलाई सम्पन्न हुने गरी बजेट विनियोजनको सुनिश्चितता गरेको छु ।

३५. प्रतापपुर गाउँपालिका वडा नं ८ फटकीटोल-बालुवा टोल जोड्ने पुल बद्रीघाट मा पुलको अभावका कारण जनताले भोग्दै गरेको सास्तिलाई मध्यनगर गरि पुल निर्माण गर्नका लागि बजेट विनियोजन गरेको छु ।

## सिँचाई

३६. **"किसानको उन्नति, प्रतापपुरवासीको प्रगति"** भन्ने मूल नाराका साथ कृषि क्षेत्रको व्यवसायीकरणका माध्यमबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरि खाद्य तथा पोषण सुरक्षा, आत्मनिर्भरता र निर्यात गर्न सक्ने अवस्थामा पुर्याउन प्राविधिक सेवा तथा उत्पादन सामाग्रीहरुको उपलब्धता सुनिश्चित गर्न तथा कृषक समेतको साझेदारीमा संघीय सहयोगमा तरकारी तथा फलफुलको संरक्षणको लागि प्रतपापुर १ बाउन्नगढीमा शित भण्डार संचालनका बजेट रकम विनियोजन गरेको छु ।

३७. **"सिचाँईमा लगानी, खेतवारीमा पानी"** भन्ने नाराका साथ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि भरपर्दो सिँचाई सुविधा उपलब्ध गराउन भुमिगत सिँचाई प्रणाली विकासलाई प्राथमिकता दिइनेछ ।

३८. लघु तथा साना सिँचाई मार्फत कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि साना सिँचाई कार्यक्रमको व्यवस्था मिलाएको छु । यस कार्यका लागि रकम विनियोजन गरेको छु ।

## भवन तथा शहरी विकास

३९. "स्वास्थ्य नै सबैभन्दा ठूलो धन हो" र हरेक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनु स्थानीय सरकारको पहिलो दायित्व हो भन्ने कुरामा हामी पूर्ण प्रतिबद्ध छौं। नागरिकहरूको सबैभन्दा नजिकको भरोसा केन्द्र भनेकै गाउँ-गाउँमा रहेका स्वास्थ्य चौकीहरू हुन्। प्रतापपुर गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूको सेवालाई थप सुदृढ, भरपर्दो र प्रविधिमैत्री बनाउनका लागि आगामी आर्थिक वर्षको बजेटमा स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिँदै बजेट विनियोजन गरेको छु ।

४०. ल्यान्डफिल साइट निर्माण तथा स्तरोन्नतिः यस गाउँपालिका क्षेत्रभित्र संकलन हुने फोहोरमैलाको दीर्घकालीन र वातावरणीय रूपमा सुरक्षित व्यवस्थापनका लागि आधुनिक तथा वैज्ञानिक ल्यान्डफिल साइट निर्माण कार्यलाई अगाडि बढाइनेछ। ल्यान्ड फिल्ड साइटको पूर्वाधार निर्माणका लागि रु. १ करोड ८० लाख बजेट विनियोजन गरेको छु।

४१. प्रतापपुर गाउँपालिका वडा नं. १ मा रहेको १५ शैया अस्पतालको भवन निर्माण कार्य संघीय सरकारको सहयोगमा आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ । साथै उक्त अस्पताल पुर्ण क्षमतामा विशेषज्ञ सहितको सेवा प्रवाहका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म वन, वातावरण तथा विपद व्यस्थापनमा आगामी आर्थिकमा गाउँपालिकाले गर्ने कार्यक्रमहरुको बजेट प्रस्तुत गर्न चाहन्छुः

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

## वन तथा वातावरण

४२. स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई ध्यानमा राखि वन, जैविक विविधता र जलाधार व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन कायम गरिनेछ ।

४३. वनलाई नागरिकको जीवन तथा सम्वृद्धिसँग जोड्न बाँझो, खाली तथा ऐलानी प्रति तथा नदि उकास जमिनमा जडिबुटि, फलफुल, घाँसेवाली लगायतका खेती गरि कृषि-वन विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. प्रतापपुर गाउँपालिकभित्र न्यून वन तथा बुट्यान क्षेत्र भएकोले वन क्षेत्रको विस्तारका लागि धनेवा खोला, खजुरा खोलाको दुबै छेउतिर वृक्षारोपण गर्ने कार्यक्रमलाई आगामी आर्थिक वर्ष देखि सञ्चालनमा ल्याईन्छ ।

## विपद व्यवस्थापन

४५. विपद व्यवस्थपान सम्बन्धी पूर्व तयारी, प्रतिकार्य तथा समग्र विपद्जन्य प्रकोपबाट गाउँपालिका वासीलाई सुरक्षित गर्न तथा उद्धार, राहत तथा पुनर्स्थापनाको जिम्मेवारी वहन गर्दै गाउँपालिकास्तरीय विपद व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु ।

४६. वर्षेनी धनेवा क्षेत्रमा हुने बाढी तथा डुवानको समस्या समाधानका लागी संघिय सरकारको साझेदारीमा धनेवा खोलामा चेकवाल निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म सुशासन तथा संस्थागत विकास तर्फ आगामी आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु:

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश,नेपाल

## सुशासन तथा संस्थागत विकास

४७. अन्तरपालिका समन्वयमा सार्वजनिक सेवाको व्यवस्थापन तथ संचालन गर्न छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुसँग साथै प्रदेश सरकार र संघीय सरकारहरुसँग समन्वय गरि आवश्यक कार्यक्रम अगाडी बढाइने छ ।

४८. अनुत्पादक खर्चहरु कटौति गर्ने नीति अवलम्बन गरिने छ । खरिद प्रक्रियालाई पारदर्शी, प्रतिष्पर्धी एवं मितव्ययी बनाइनेछ ।

४९. समयमा कर तिरौं गाउँपालिकाको विकासमा सहभागी बनौं भन्ने नारालाई सबै करदातालाई बुझाउन करदाता शिक्षा, कर सप्ताह जस्ता चेतनामूलक कार्यक्रम संचालन गरिने छ ।उक्त कार्यका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

५०. नागरिकलाई प्रदान गरिने सेवालाई सरल, सहज, पारदर्शी, जनउत्तरदायी, नतिजामूखी तथा उपलब्धिमूलक बनाउन जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गरि सार्वजनिक सेवा प्रवाहलाई जनमुखि बनाईनेछ । जनप्रतिनिधि र कर्मचारिको क्षमता विकासका आगामी आर्थिक वर्षका लागि रकम विनियोजन गरेको छु ।

५१. करार कर्मचारीहरुको सेवाको सुरक्षाका लागी सामाजिक सुरक्षा कोष कार्यक्रममा सहभागी गराउने संघिय सरकार र पालिकाको निति अनुरुप सामजिक सुरक्षा कोषमा आबद्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

५२. विभिन्न स्थानीय तहमा भएको सफल कार्यलाई आन्तरिकिकरण गर्न, राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च राख्न, कार्यक्षमता तथा कार्यकुशलताई प्रतिष्पर्धात्मक बनाउन अन्तरपालिका समन्वय कार्यलाई अगाडी बढाईनेछ ।

५३. गाउँपालिकाको बजेट निर्माण देखि खर्च लेखाङ्कन तथा वित्तीय तथा भौतिक प्रतिवेदन सम्मका सम्पूर्ण कार्यहरु नेपाल सरकारले अनिवार्य रुपमा लागु

गरेको आय तथा खर्च लेखाङ्कन प्रणाली सुत्र (SUTRA) मार्फत कामकाज गर्ने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लगि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**५४.** आर्थिक वर्ष २०८२/८३ को लागि राजस्व परामर्श समितिको सिफारिस र बजेट निर्माण तथा स्रोत अनुमान समितिले दिएको सिमाभित्र रही आगामी आर्थिक वर्षका लागि कुल खर्च रु ७७ करोड २० लाख ९९ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु ५३ करोड ५ लाख ८६ हजार अर्थात ६८.७२ प्रतिशत र पूँजिगत खर्च तर्प २४ करोड १५ लाख १२ हजार अर्थात कुल विनियोजनको ३१.२८ प्रतिशत रेहेको छ

**५५.** चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई मूर्तरूप दिन र यस स्थानीय तहको सन्तुलित विकासका लागि मैले आगामी आर्थिक वर्षको बजेटलाई मुख्य ५ वटा क्षेत्रहरूमा वर्गीकरण गरी विनियोजन गरेको छु। क्षेत्रगत बजेट विनियोजनको विस्तृत विवरण निम्नानुसार प्रस्तुत गर्दछु ।

- कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ रु १२ करोड,
- पुर्वाधार क्षेत्रतर्फ रु २३ करोड ३८ लाख ४८ हजार,
- आर्थिक विकास तर्फ १३ करोड ८४ लाख ५७ हजार,
- सामाजिक विकास तर्फ २१ करोड २२ लाख ६७ हजार,
- सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र ४ करोड ५४ लाख ८५ हजार,
- वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ २ करोड २७ लाख रकम विनियोजन गरेको छु ।

५६. आगमी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरु मध्ये संघीय सरकारबाट प्राप्त हुने आम्दानी

- वित्तीय समानिकरण अनुदान रु. १३ करोड ०८ लाख,
- सशर्त अनुदान चालु रु. २५ करोड ८८
- सशर्त अनुदान पूँजिगत रु. ४ करोड २१ लाख
- विशेष अनुदान रु. १ करोड ८० लाख
- समपुरक अनुदान रु. ६५ लाख

प्रदेश सरकारबाट प्राप्त हुने आम्दानी

- वित्तीय समानिकरण अनुदान रु. ९१ लाख ९२ हजार
- सशर्त अनुदान चालु रु. ४२ लाख
- सशर्त अनुदान पूँजिगत रु. ६८ लाख
- समपुरक अनुदान रु. ७५ लाख
- विषेश अनुदान रु. २० लाख

राजस्व बाँडफाँडबाट प्राप्त हुने आम्दानी

- संघीय सरकार राजस्व बाँडफाँड रु. ११ करोड ५८ लाख ६६ हजार,
- प्रदेश सरकार राजस्व बाँडफाँड रु. १ करोड २३ लाख ४१ हजार,
- स्थानीय सरकार राजस्व बाँडफाँड रु. २ करोड,
- वन तथा विद्युत रोयल्टी वापत रु. ४० लाख

आन्तरिक स्रोत

- प्रदेश र संघिय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण अनुदान र राजश्व बाँडफाडबाट प्राप्त रकमबाट नपुग रकम बैक मौज्दात र आन्तरिक श्रोतबाट व्यवस्थापन हुने गरी व्यवस्था मिलाएको छु ।

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश,नेपाल

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु:

५७. यस गाउँपालिकालाई आत्मनिर्भर गराउँदै योजना सफल बनाउनका लागि कर प्रणालीमा संरचनात्मक परिवर्तन गरि संघ र प्रदेश सरकारसँग निर्भर रहनु पर्ने वाध्यताको अन्त्य गर्दै आन्तरिक आर्थिक क्रियाकलापमा आधारित तुल्याई दिगो कर प्रणालीमा रुपान्तरण गर्दै जान निम्न उद्धेश्य हासिल गर्ने गरि राजस्व परिचालन गरिनेछ ।

५८. राजस्वका दायराहरु (क्षेत्रहरु) खोज्दै फाराकिलो बनाएर आन्तरिक आम्दानी बढाउदै लैजाने पहल गरिने छ ।

५९. व्ययको विवरण विनियोजन ऐनमा समावेश गरिएको छ ।

६०. राजस्व तथा करका दरहरुको विस्तृत विवरण आर्थिक ऐनमा समावेश गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

६१. आर्थिक वर्ष २०८१/८२को यथार्थ खर्च, आर्थिक वर्ष २०८२/८३ को जेष्ठ मसान्त सम्मको खर्च र आगामी आ.व. २०८३/८४को अनुमानित आय व्ययको विवरण अनुसूचिहरुमा उल्लेख गरेको छ ।

६२. यस सम्मानित सभामा पेश भई सभाले पारित गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न मद्धत पुग्ने गरि बजेट विनियोजन गरिएको छ ।

६३. वडा भेलाबाट माग भई आएका तथा गाउँपालिकाले अति आवश्यक ठानेका योजनाहरु मध्ये स्रोत अभावले बजेट व्यवस्थपान गर्न नसकिएका योजनाहरु थप स्रोत प्राप्त भएमा क्रमशः प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिने छ ।

६४. गाउँपालिकाबाट आफ्नो स्रोत साधनले नभ्याउने प्रकृतिका योजनाहरु लुम्बिनी प्रदेश सरकार र संघिय सरकारसँग माग गरिनेछ ।

बजेटमा व्यवस्था गरिएका योजना तथा कार्यक्रमहरु उद्धेश्य अनुरुप कार्यान्वयन गरि **"हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास"** बनाउन हाम्रा सम्पूर्ण सभाका सदस्यहरु लाग्नु हुनेछ । यसमा राष्ट्रसेवक कर्मचारीहरु सदा भन्दा अझ बढी खटिनु हुनेछ भन्ने अपेक्षा सहित आम प्रतापपुर गाउँपालिका निवासी नागरिकहरु, राजनीतिक दल, बुद्धिजिवी, समाजसेवीहरुबाट सहयोगको अपेक्षा राख्दछु ।

अन्त्यमा यस गाउँपालिकाले दीर्घकालिन सोच, उद्धेश्य, लक्ष्य तथा प्राथमिकताका साथ अघि सारेको वार्षिक बजेटको कार्यान्वयनबाट यस गाउँपालिकालाई सम्वृद्ध बनाउन योगदान पुऱ्याउने कुरामा विश्वास राख्दै वार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनु हुने गाउँपालिका अध्यक्षज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण सभाका सदस्यज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, बुद्धिजिवी, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिदैं बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गरि यस गाउँपालिकालाई सुखी र सम्वृद्धि बनाउन सबैको साथ, सहयोग र सहकार्यको आशा र विश्वासका साथ विदा मागदछु। धन्यवाद ।

मानकुमारी चौधरी
उपाध्यक्ष